**यस मार्गनिर्देशिकामा स्वैच्छिक सहायताप्राप्त मृत्युसँग सम्बन्धित संवेदनशील जानकारी हुन सक्छ**

# छलफल मार्गनिर्देशिका २:
# योग्यता: स्वैच्छिक सहायताप्राप्त मृत्युमा कसको पहुँच हुनुपर्छ?

स्वैच्छिक सहायताप्राप्त मृत्यु (VAD) एक प्रक्रिया हो जसले योग्य व्यक्तिहरूलाई उनीहरूको सर्तहरूमा आफ्नो जीवन समाप्त गर्ने छनौट गर्न अनुमति दिन्छ । योग्यताले VAD कसले पहुँच गर्न सक्छ भनेर निर्धारण गर्ने मापदण्डलाई जनाउँछ । हामी योग्यताको मापदण्ड निर्धारण गर्न र व्यक्तिहरूले कसरी VAD पहुँच र प्रयोग गर्न सक्छन् भनेर निर्धारण गर्न तपाईंका सुझाबहरू चाहान्छौं ।

सबै मापदण्डहरू पूरा गर्ने व्यक्तिहरूको लागि मात्र VAD मा पहुँच उपलब्ध हुनुपर्छ ।

### निर्णय गर्न सक्षम

VAD पहुँच गर्ने व्यक्तिको निर्णय अरू कसैले गरेको निर्णय नभै तिनीहरूको आफ्नै हुनुपर्दछ।

यद्यपि, VAD प्रयोग गर्ने सबै अष्ट्रेलियाली राज्यहरूमा, निर्णय गर्ने क्षमता गुमाएका व्यक्तिहरूले स्वैच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न सक्दैनन् ।

एक व्यक्तिले स्वतन्त्र निर्णय गर्न सक्छ कि सक्दैन भनेर मूल्याङ्कन गर्न चिकित्सकको आवश्यकता पर्छ । यदि कुनै चिकित्सकलाई लाग्छ कि कुनै व्यक्तिको रोग वा अवस्था (उदाहरणका लागि, उन्नत डिमेन्सिया) को अर्थ कुनै व्यक्तिले VAD को बारेमा निर्णय गर्न सक्दैन भने, त्यो व्यक्ति स्वैच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न सक्षम हुनेछैन ।

यसको मतलब यो पनि हो कि एक व्यक्तिले आफ्नो अवस्था वा रोगको विकास हुनु अघि पनि निर्णय गर्न सक्दैन (उदाहरणका लागि, एक व्यक्तिले मूल्याङ्कन गर्ने र निर्णय लिने क्षमता गुमाएपछि स्वैच्छिक सहायता प्राप्त मृत्युमा पहुँच गर्न, योग्य हुनु अघि सहमति प्रदान गर्नु) ।

हामीले टेरेटोरीमा कुन मोडेल प्रयोग गर्नुपर्छ?

**कुनै अवस्था, विमार वा रोगबाट पीडित**
अष्ट्रेलियाका अन्य स्थानहरूमा, VAD पहुँच गर्नको लागि व्यक्तिको अवस्था, विमार वा रोग ज्यादै अगाढी बढीसकेको, फैलदैं गएको वा व्यक्तिको मृत्यु निम्त्याउन सक्ने सम्भावना भएको हुनुपर्दछ ।

धेरै जसो राज्यहरूमा, उक्त अवस्थाले VAD खोज्ने व्यक्तिको लागि असहनीय पीडा पनि निम्त्याएको हुनुपर्छ ।

तास्मेनियामा, एक व्यक्तिले VAD पहुँच गर्नको लागि तिनीहरूको अवस्थाले तिनीहरूलाई असहनीय पीडा निम्त्याइरहेको, तिनीहरूको उपचारले पनि उनीहरूलाई असहनीय पीडा दिइरहेको, वा उनीहरूले आफ्नो अवस्था वा उपचारले भविष्यमा असहनीय पीडा निम्त्याउने आशा गरेको हुनुपर्छ ।

**चाँडै नै मर्ने अपेक्षा गरिएको**
सबै अष्ट्रेलियाली राज्यहरूमा, एक व्यक्तिले VAD मा पहुँच तब मात्र गर्न सक्दछ जब तिनीहरूको मृत्यु छ देखि बाह्र महिना भित्र हुने सम्भावना छ ।

मृत्युको नजिक भएका व्यक्तिले मात्र VAD मा पहुँच गर्न सकुन् भनेर यस्तो गरिएको हो। कुनै व्यक्तिको कति चाँडै मृत्यु हुने सम्भावना छ भनेर अनुमान गर्न कठिनाईको कारण, यसको मतलब यो पनि हुन सक्छ कि कुनै व्यक्तिले स्वैच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न योग्य मानिनु अघि नै उ धेरै पीडित र उसको मृत्यु हुन सक्छ । भिक्टोरियामा, एक व्यक्तिले (थप योग्यता मापदण्डको साथ) VAD पहुँच गर्न सक्दछ यदि उनीहरूको रोग, विमारी वा चिकित्सा अवस्थाले छ महिना भित्र मृत्यु निम्त्याउने अपेक्षा गरिएको छ (वा, न्यूरोडेजेनेरेटिभ रोग, विमारी वा अवस्था भएको व्यक्तिको मामिलामा, १२ महिना भित्र) ।

टेरेटोरीमा कुनै व्यक्तिले स्वेच्छिक सहायताप्राप्त मृत्यु पहुँच गर्न कहिले योग्य हुन सक्छन्?

## नर्दन टेरेटोरीमा बस्दा

अष्ट्रेलियाका अन्य स्थानहरूमा, एक व्यक्ति स्वैच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न अष्ट्रेलियाको नागरिक वा स्थायी बासिन्दा हुनुपर्दछ । केही राज्यहरूले अष्ट्रेलियामा कम्तिमा ३ वर्षको लागि बासिन्दा भएको व्यक्तिलाई VAD पहुँच गर्न अनुमति दिन्छन् ।

व्यक्तिलाई उसको सही राज्यमा VAD योग्यताको लागि मूल्याङ्कन गरिएको सुनिश्चित गर्न सबै अष्ट्रेलियाली राज्यहरूमा कडा नियमहरू छन् । एक व्यक्ति अष्ट्रेलियाको नागरिक वा स्थायी बासिन्दा हुनुपर्दछ, र VAD पहुँच गर्न अनुरोध गर्नु अघि कम्तिमा १२ महिनासम्म त्यस राज्यमा बसेको हुनुपर्छ ।

केही राज्यहरूले निवास नियममा छुट प्रदान गर्न सक्छन् यदि व्यक्तिको उक्त राज्यसँग मजबूत सम्बन्ध छ र यसलाई प्रदान गर्नका लागि कारुणिक आधारहरू छन् भने । यो त्यस्तो अवस्थाहरूमा महत्त्वपूर्ण हुन्छ जहाँ एक व्यक्तिको NT मा पारिवारिक वा सांस्कृतिक सम्बन्ध हुन सक्छ र NT मा VAD पहुँच गर्न चाहन्छ, तर अन्य राज्यमा बस्छ ।

## उमेर

अष्ट्रेलियाका अन्य भागहरूमा, VAD को पहुँच १८ वर्ष वा माथिका वयस्कहरूमा सीमित छ । यसको मतलब सबै योग्यता मापदण्डहरू पूरा गर्ने १७ वर्षीय व्यक्तिले VAD पहुँच गर्न सक्दैन ।

हामी पीडित युवाहरूको लागि उनीहरूको निर्णय लिने क्षमतालाई ध्यानमा राख्दै, र यदि तिनीहरूले VAD का लागि अन्य सबै योग्यता मापदण्डहरू पूरा गर्छन् भने कुन प्रक्रियाहरू लागू हुनुपर्छ भन्ने विषयमा हामी कसरी न्यायसंगत उपचार सुनिश्चित गर्न सक्छौं भन्ने बारे तपाईंको दृष्टिकोण सुन्न उत्सुक छौं ।

VAD को बारेमा थप जान्न र आफ्नो बिचार साझा गर्न, cmc.nt.gov.au/vad मा जानुहोस्